# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१-
९७४८५८३१३८


विषयः-<u>जग्गा प्राप्ति सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने सम्बन्धमा ।</u>

**प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृति प्राप्त मिति** :-२०७६।०९।२२

१. **विषयको संक्षिप्त व्यहोरा** :- आठविसकोट नगरपालिका भित्र सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्तीमुल्य र मुआब्जा निर्धारण गर्न समन्वय एवम् सहजिकरण गर्ने सम्वन्धमा , स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को ढ.४ बमोजिमको काम गर्न सोही ऐनको दफा ११ को उपदफा (७) ले दिएको अधिकार अनुसार कानूनी व्यवस्था गर्न वाञ्छनिय भएको छ ।

२. **प्राप्त परामर्श र अन्य सान्दर्भिक कुरा** :- नेपालको संविधानको धारा २२१ बमोजिम अनुसूची ५ मा भूउपयोग नीति संघीय सरकारको एकल अधिकारको सूचीमा अनुसूची ६ मा भूमी व्यवस्था, जग्गाको अभिलेख सम्वन्धी अधिकार प्रदेशको एकल अधिकार सूचीमा अनुसूची ७ मा भूमि नीति र सो सम्वन्धी कानून संघर र प्रदेशको साझा अधिकार सूचीमा र अनुसूची ८ मा भूमी तथा घरजग्गा धनी पूर्जा वितरण सम्वन्धी विषयहरु स्थानीय तहको एकल अधिकार सूचीभित्र पर्दछन् । नेपालको संविधानको धारा २२६ को उपधारा (१) अनुसार गाउँसभा र नगरसभाले अनुसूची ८ र अनुसूची ९ बमोजिमको सूचीमा उल्लेखित विषयमा कानून बनाउन सक्नेछ भने ऐ धाराको उपधारा (२) अनुसार उपधारा (१) बमोजिम कानून बनाउने प्रक्रिया प्रदेश कानून बमोजिम हुनेछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को ढ. को (४) मा मा सार्वजनिक प्रयोजनको लागि जग्गा प्राप्ती, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण गर्ने स्थानीय तहको एकल काम, कर्तव्य र अधिकार उल्लेख छ । ऐ ऐनको दफा १०२ को उपदफा (१) अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्नेछ । ऐ दफाको उपदफा (२) अनुसार उपदफा (१) बमोजिम बनाईएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि, मापदण्ड बनाउन सक्नेछ । ऐ ऐनको दफा ११ को उपदफा (७) अनुसार गाउँपालिका तथा नगरपालिकाले ऐ दफाको उपदफा (१), (३), (४) र (५)



प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सर्म्पक नं.
९७४९३८९९६१
९७४८५८३१३८

बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्नेछन् ।

३. **प्रस्ताव पेश गर्नु पर्नाका कारण र सम्बन्धित शाखाको राय :-** आठविसकोट नगरपालिका भित्र सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ती मुल्य र मुआब्जा ,निर्धारण गर्न समन्वय एवम् सहजिकरण गर्ने सम्वन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को ढ.४ ले दिएको अधिकार प्रयोग गर्न कानूनी व्यवस्था गरी जग्गा प्राप्ति र मूल्य तथा मुआब्जा निर्धारण सम्वन्धी कार्यलाई सरल, औचित्यपूर्ण, मितव्ययी, व्यवस्थित र पारदर्शी बनाई भौतिक संरचना निर्माण सम्बन्धी कार्यलाई छिटो, छरितो र जग्गा प्राप्ति नभएकै कारणबाट संरचना निर्माण नहुने अवस्थालाई अन्त्य गर्नुपर्ने देखिन्छ ।

४. **निर्णय हुनुपर्ने व्यहोरा :-** जग्गा प्राप्ति सम्वन्धी कार्यविधि, २०७६ कार्यपालिकाबाट स्वीकृत गर्न वाञ्छनिय भएकोले जग्गा प्राप्ति सम्वन्धी कार्यविधि, २०७६ नगर कार्यपालिकाबाट स्वीकृत गर्ने सम्वन्धि प्रस्ताव स्वीकृत गर्न आठविसकोट नगर कार्यपालिका समक्ष प्रस्ताव पेश गर्न नगर प्रमुख ज्यूबाट स्वीकृति प्राप्त भएकोले आठविसकोट नगरपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ७ को अनुसूची १ को विषय सङ्ख्या ५ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।